कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

तौलिहवा, कपिलवस्तु
५ नं. प्रदेश, नेपाल

फोन ०७६-५६०३०५, ५६०२०१
फ्याक्स ०७६-५६००१९

O/C

प.सं. : ०७४/०७५ शिक्षा शाखा
च.नं. : २०९८

मिति : २०७४/१२/२८

विषय:विद्यार्थी भर्ना अभियान सम्बन्धमा ।

श्रीमान् अध्यक्ष ज्यू
नं. वडा कार्यालय,
कपिलवस्तु नगर कार्यपालिकाको कार्यालय, कपिलवस्तु ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, विकेन्द्रिकरण शाखा, सिंहदरबार काठमाण्डौको च.नं.८२, मिति २०७४/१२/२२ को सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना अभियान सञ्चालन सम्बन्धमा लेखिएको पत्रानुसार नेपालको संविधान, २०७२ को धारा ३१ ले आधारभूत शिक्षामा सबै नागरिकको पहूच हुने सुनिश्चित गरेको तथा धारा ५१ (ज) १ मा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने नीति लिइने भनी उल्लेख भएको छ । त्यसै गरी संविधानको अनुसुची ८ मा आधारभूत र माध्यमिक तह सम्मको शिक्षा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहले प्राप्त गरेको छ । सक्षम, सबल र प्रतिस्पर्धी जनशक्तिको उत्पादन, विद्यालय जाने उमेर समूहका बालबालिकाहरु विद्यालय भर्ना सुनिश्चित गरेर मात्र आरम्भ हुने हुंदा विद्यालय भर्ना अभियान महत्वपुर्ण हुन जान्छ । देशमा संघीयता लागु हुनु पुर्व शिक्षामा सबैको पहुच सुनिश्चित गर्न शिक्षा मन्त्रालय र यस अन्तर्गतका निकायहरुले औपचारिक विद्यालय शिक्षा, नियमित शिक्षा, निरन्तर शिक्षा, पूर्ण साक्षर कार्यक्रम , विद्यार्थी भर्ना अभियान आदि कियाकलाप सञ्चालन गर्दै आएकोमा अब स्थानीय तहहरुले यस्तै प्रकारका कार्यक्रमहरु मार्फत आआफ्नो क्षेत्रमा गुणस्तरीय शिक्षामा पहूच तथा सुधार सुनिश्चित गर्ने जिम्मेवारी बहन गर्नुपर्ने संवैधानिक दायित्व सिर्जना भएको छ । शिक्षा विभागले शैक्षिक वर्ष २०७५ का लागि "हामी सबैको इच्छा, अनिवार्य, निशुल्क आधारभूत शिक्षा " भन्ने विद्यार्थी भर्ना सम्बन्धी आदर्श वाक्य /नारा तयार गरी सो कार्यमा सहयोगका लागि सरोकारवालाहरुलाई अपिल गरेको छ । यसै सन्दर्भमा यस मन्त्रालय (माननीय मन्त्रीस्तर)को मिति २०७४/१२/२१ को निर्णयबाट स्थानीय तहहरुलाई विद्यार्थी भर्ना अभियानको सन्दर्भमा देहाय अनुसारको कार्य गर्न भनी उल्लेख भएको हुंदा निर्णय अनुसार हुन अनुरोध छ भनी लेखि आएको हुदा सोही बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

१) विद्यार्थी भर्ना अभियान सफल पार्न सबै गाउपालिका/नगरपालिकाका प्रमुख वा अध्यक्ष वा उपाध्यक्ष,/ वडाध्यक्ष/ शिक्षा समितिका संयोजक/प्रमुख प्रशासकीय अधिकृतको सहभागितामा घरदैलो कार्यक्रम सबै बस्ती तहमा तथा अन्तक्रिया कार्यक्रम सबै वडामा अनिवार्य रुपमा चैत्र र वैशाख महिना भित्र सञ्चालन गर्ने र बालविकास संस्था/टोल विकास संस्था/नागरिक सचेतना केन्द्र लगायत स्थानीय तहसंग सम्बन्धित प्रत्येक व्यक्ति वा समुदायको सहभागितामा घर दैलो अभियान सञ्चालन गर्ने । प्रत्येक शिक्षक, माथिल्लो कक्षाका विद्यार्थी र नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरुले कम्तिमा एकजना विद्यार्थी भर्ना गराउने अभियान सचालन गर्ने ।

२) प्रमुख प्रशासकीय अधिकृत लगायत सबै कर्मचारीहरुले वैशाख महिनामा अनिवार्य रुपमा कम्तिमा एक दिन स्वयंसेवकको रुपमा आफ्नो स्थानीय तहको क्षेत्रमा रहेको विद्यालयमा विभिन्न शैक्षिक कियाकलापमा विद्यार्थीसंग समेत समय व्यतित गर्ने ।

३) स्थानीय तहले आफ्नो क्षेत्रको विद्यालयमा सबै विद्यार्थीले वैशाख महिना भित्र पाठ्यपुस्तक प्राप्त गरेको सुनिश्चितता गर्ने र यस कार्यमा वडाध्यक्षले विद्यालय व्यवस्थापन समितिसंग कार्यपालिकाको तर्फबाट समन्वय गर्ने । यदि पाठ्यपुस्तक कुनै कारणले उपलब्ध हुन नसकेमा विशेष पहल गरी समस्या समाधान गर्ने ।

४) स्थानीय तहले नीतिगत र कार्यक्रमगत रुपमा नै विद्यालय जाने उमेर समूहका सबै बालबालिका नियमित रुपमा विद्यालय जान सक्ने वातावरण सिर्जना गर्ने र पूर्णभर्ना अभियानलाई सञ्चालन गर्न नीति तथा कार्यक्रममा समावेश गर्ने ।

५) शिक्षासंग सम्बन्धित सम्पूर्ण प्रतिवद्धता तथा अभियानहरुको अपनत्व ग्रहण गरी राष्ट्रिय लक्ष्य तथा अठोट समय सीमा भित्रै प्राप्त गर्न नीतिगत तथा कार्यक्रमगत रुपमा नै व्यवस्थापन गर्ने ।

६) विद्यालयमा भर्ना हुन नसकेका वा भर्ना हुन नआएका र विद्यालय छाडेका बालबालिकाहरुलाई औपचारिक विद्यालय शिक्षामा ल्याउन प्रचलित कानून बमोजिमका प्रोत्साहन प्याकेज (खाजा कार्यक्रम, अतिरिक्त कियाकलाप, छात्रा शौचालय, शुद्ध पिउने पानी, पुस्तकालय आदि) तयार गर्ने र कार्यन्वय गर्ने ।

७) विद्यालयमा शिक्षक तथा कर्मचारीको उपस्थिति र शैक्षिक कियाकलापको गुणस्तर मापनको सुरुवात गर्ने र सम्भव भएसम्म इ हाजिरीको व्यवस्थापन गर्ने । विद्यालयमा अध्ययनरत प्रत्येक विद्यार्थीको शैक्षिक कियाकलाप र उपलब्धीको व्यक्तिगत अभिलेख राखी अनुगमन गर्ने व्यवस्था मिलाउने ।

८) विद्यार्थी भर्ना अभियान कार्यक्रमलाई नगरपालिका भरी प्रभावकारी रुपमा सञ्चालन गर्न सम्बन्धित जिल्लाका जिल्ला समन्वय समितिको संयोजक लगायत सबै पदाधिकारीहरुलाई सक्रियताका साथ स्थानीय तहले सञ्चालन गर्ने विद्यार्थी भर्ना अभियानमा सहभागिता जनाईदिनु हुन अनुरोध गर्ने ।

विमलराज जोशी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत